आज मिति २०८२ फागुन १० गते आइतबारका दिन यस चौदण्डीगढी नगरपालिकाको नगर प्रमुख **श्री कालुमान लामा**को अध्यक्षतामा तपशील वमोजिमको वडा अध्यक्ष तथा कार्यपालिका सदस्यको उपस्थितिमा चालू आर्थिक वर्ष २०८२/०८३ को **एघारौँ** नगर कार्यपालिका बैठक बसी निम्नानुसारको निर्णय गरियो-

**<u>उपस्थिति</u>**

| क्र. स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कालुमान लामा | नगर प्रमुख | |
| २ | श्री मणिका देवी दुलाल | नगर उपप्रमुख | |
| ३ | श्री सिताराम राई | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री हरिबहादुर खड्का | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री पर्शुराम राई | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री लुङ्गाराज राई | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री तुलसीराम ढकाल | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री अम्बरबहादुर खड्का | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री भगनाथकुमार मगर | ८ नं. वडा अध्यक्ष | |
| १० | श्री प्रकाश राउत | ९ नं. वडा अध्यक्ष | |
| ११ | श्री धर्मेन्द कुमार खड्का | १० नं. वडा अध्यक्ष | |
| १२ | श्री बलराम मगर | ७ नं. कार्यवाहक वडा अध्यक्ष | |
| १३ | श्री उदयराज भुजेल | कार्यपालिका सदस्य | |
| १४ | श्री जयकुमार राई | कार्यपालिका सदस्य | |
| १५ | श्री माधव सार्की | कार्यपालिका सदस्य | माधव |
| १६ | श्री तिलावती राई | कार्यपालिका सदस्य | |
| १७ | श्री सुस्मा राई | कार्यपालिका सदस्य | |
| १८ | श्री स्मृती तोलाङ्गी सुयल | कार्यपालिका सदस्य | |
| १९ | श्री जानकी देवी चौधरी | कार्यपालिका सदस्य | |
| २० | श्री शान्तीदेवी चौधरी | कार्यपालिका सदस्य | |
| २२ | श्री काजीमान राई | सचिव | |

प्रशतावहरु

१) अघिल्ला बैठकहरुको कार्यान्वयन समिक्षा सम्बन्धमा ।

२) आर्थिक सहायता सम्बन्धमा ।

३) बेलपाती टोलमा  खानेपानी पाइप उपलब्ध गराउने सम्बन्धमा ।

४) चौ. न. पा. १ गोदावरी टोलको माग सम्बन्धमा ।

५)निजी जग्गाबाट ढुंगा, गिट्टी तथा अन्य निर्माण सामाग्री उत्खनन गर्न IEE स्वीखृत सम्बन्धमा ।

६) नदीजन्य प्राकृतिक स्रोतको रकम बाँडफाँड सम्बन्धमा ।

७) विविध

१. प्रस्ताव नम्बर १ उपर छलफल गर्दा यस नगरपालिकाको मिति २०८२ पौष २४ गते बसेको यस आर्थिक वर्ष २०८२/०८३ को दशौँ नगर कार्यपालिकाको बैठकबाट भएका निर्णयहरु कार्यान्वयन भए/भएनन् भन्ने विषयमा छलफल र समिक्षा गरियो । यस क्रममा कार्यान्वयनका क्रममा भएका निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

२. प्रस्ताव नम्बर २ उपर छलफल यस नगरपालिकाअन्तर्गत विभिन्न वडा कार्यालयबाट विपन्न नागरिकको औषधी उपचारको लागि, विपन्न नागरिक घर मर्मत सम्भारको लागि जस्तापाता, सिँचाईको लागि पानी तान्ने मोटर तथा अन्य आर्थिक सहायता उपलब्ध गराउन सिफारिस भई आएको हुँदा तपसील बमोजिम आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो-

**(क) विरामी आर्थिक सहायता**

| क्र. सं. | विरामीको नाम ठेगाना | विमारी | निर्णय रकम रु. | भुक्तानी शिर्षक |
|---|---|---|---|---|
| १. | निर्मला राई, चौ. न. पा. ४ | बोनम्यारो क्यान्सर | ४०,०००।- | अन्य सामाजिक सहायता |

**(ख) जस्तापाता सहायता**

| क्र. सं. | नाम ठेगाना | निर्णय जस्तापाता | भुक्तानी शिर्षक |
|---|---|---|---|
| १. | पेशल थापा मगर, चौ. न. पा. ९ | २ बन्डल जस्ता पाता सादा | कार्यालय सञ्चालन |
| २. | संझना राई, चौ. न. पा. ९ | ३ बन्डल जस्ता पाता सादा | कार्यालय सञ्चालन |
| ३. | पार्वती भुजेल चौ. न. पा.-६ | २ बण्डल जस्ता पाता र ६ मिटर धुरी (सादा) | कार्यालय सञ्चालन |

**(ग) अन्य सहायता**

| क्र. सं. | नाम, ठेगाना | सामान/ निर्णय रकम रु. | भुक्तानी शिर्षक |
|---|---|---|---|
| १. | श्री राधाकृष्ण भजनकिर्तन समूह, चौ. न. पा. -७ | रु. ३००००।– बराबरको भजनकृतन सामाग्री | भजन किर्तम मण्डलीलाई बाद्यवादन सामाग्री खरिद |
| २. | श्री भगवती कृतन समूह, चौ. न. पा. -६, सातधारे | साउण्ड सिस्टम माग | भजन किर्तम मण्डलीलाई बाद्यवादन सामाग्री खरिद |
| ३. | श्री दलित मुसहर सदा चौ. न. पा. -२ | कराई- १, पन्यु फलामको -१, झाँज फलामको -१, कुर्सी -२० | भजन किर्तम मण्डलीलाई बाद्यवादन सामाग्री खरिद |
| ३. | श्री आधारभुत विद्यालय सिवाई बेल्हा चौ. न. पा. -५ | ४*३ को फाईल र्याक -१ थान | कार्यालय सञ्चालन |
| ४. | श्री जनज्यती आधारभुत विद्यालय चौ. न. पा. - ४ | ६.२५ मिटर *४.५ मिटर का ३ वटा कोठाको लागि आवश्यक कार्पेट र म्याट्रेश | विविध कार्यक्रम खर्च |
| ५. | सिंहदेवी माधयामिक विद्यालय चौ. न. पा. -२, माडिबास | १००० लिटरको पानी ट्याङ्की ।- | विविध कार्यक्रम खर्च |
| ६. | श्री बेल्टार बसाहा उद्योग वाणिज्य संघ चौ. न. पा., -७ | रु ५०,०००।- | विविध कार्यक्रम खर्च |
| ७. | नवराज पौडेल, चौ. न. पा., -७ | हाउस वाइरिङ र पल्मिङ कार्यको लागि ड्रिल मेसिन -१ थान रु. १०,०००।- सम्मको | विविध कार्यक्रम खर्च |

३. प्रस्ताव नम्बर ३ उपर छलफल गर्दा चौ. न. पा. ८ को बेलपाती टोलमा खानेपानी व्यवस्थापन गर्न २५ एम्. एम्.को ३०० मिटर पाईप माग भई आएको हुँदा खानेपानी ब्यवस्थापनको लागि **विविध कार्यक्रम** शीर्षकमा बिनियोजन भएको रकमबाट ३०० मिटर पाइप खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

४. प्रस्ताव नम्बर ४ उपर छलफल गर्दा चौ. न. पा. १ गोदावारी टोलले टेन्ट माग गरेको र र चारघरे टोलले पलाष्टिक कुर्सी माग गरी वडाको सिफारिससहित आएको हुँदा उक्त टोल विकास संस्थाहरुलाई टेन्ट १ थान २०/ २० फिटको र पलाष्टिक कुर्सी २० थान उपलब्ध गराउने र सो को भुक्तानी यस नगरपालिकाको **विविध कार्यक्रम खर्च**बाट बढिमा **रु. ६०,०००।-** भुक्तानी गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नम्बर ५ उपर छलफल गर्दा चालू आर्थिक वर्ष २०८२/०८३ मा यस नगरपालिकाको विभिन्न वडाका तपसील वमोजिम बिबरण रहेको व्यक्तिको निजी नाममा दर्ता कायम रहेको जग्गालाई खेतीयोग्य जग्गामा परिणत गर्ने क्रममा निस्कने ग्रावेल, ढुङ्गा, गिट्टी तथा अन्य निर्माण सामग्रीलाई बेचविखन गर्न सकिने कानूनी व्यवस्था कोशी प्रदेश सरकारको आर्थिक ऐन, २०८२को अनूसूची-६ मा रहेको छ । उल्लिखित व्यवस्था वमोजिम तपसील वमोजिमको व्यक्तिहरुले स्थानीय सरकार संचालन ऐनको दफा ६२, वातावरण संरक्षण नियमावली २०७७ को दफा ७ को उपदफा ५ र यस नगरपालिकाको कार्यविधि, २०७७ बमोजिमको खण्ड (क)अन्तर्गत पर्ने अनुसूची -१० वमोजिम तयार भइ पेश हुन आएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिबेदन (Initial Environmental Examination) (IEE) लाई स्वीकृत गर्ने निर्णय गरियो-

**प्रस्तावकको नाम : काव्या एण्ड माया कन्स्ट्रक्सन एण्ड सप्लायर्स, रुपनी-२, सप्तरी**

| क्र. सं. | वडा नम्बर | जग्गाधनीको नाम | कित्ता नम्बर | B.E.S/IEE गरिने जमिनको क्षेत्रफल | ज.रो/ ज.बि | उत्खनन् गरिने जमिनको क्षेत्रफल – कुल जमिनको ८०% (मि २) | औसत गहिराई (मि) | मौजुदा परिमाण/ वर्ष (घ.मि.) | उत्खनन हुने निर्माण सामाग्री | उत्खनन्/सङ्कलन आयतन – कुल आयतनको ७०% (घ. मि.) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | ४ | अम्बिकादेवी सार्की | १/ग १० | ०-५-० | ज.बि. | १६९३.१५ | १.१० | १६७६.२२ | ग्राभेल | १५०८.६० |

प्रस्तावित क्षेत्रमा विस्तृत अध्ययन गर्दा उल्लेखित स्थानहरुबाट उत्खनन् गर्न सकिने वार्षिक परिमाण बमोजिम दैनिक उत्खनन् गर्न सकिने परिमाण रहेको छ । उत्खननका लागि राजश्व शाखामा नियमानुसार राजश्व दाखिला गरेपश्चात् उत्खनन् अनुमति प्रदान गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नम्बर ६ उपर छलफल गर्दा यस नगरपालिकाको १९ औँ नगरसभाको बैठकमार्फत् खोला तथा नदीको प्राकृतिक स्रोत (ढुङ्गा/गिट्टी/बालुवा) बिक्रीबाट सङ्कलन हुने कूल राजश्वमध्ये प्रचलित कानुनअनुसार नगरपालिकामा रहने ६० प्रतिशत राजश्व रकमलाई तपसील बमोजिम बाँडफाँड गरी सम्बन्धित वडा कार्यालयको सिफारिसका आधारमा उत्खनन भएको खोला क्षेत्रमा नदी नियन्त्रण तथा तटबन्धनको कार्य गर्ने गराउने निर्णय गरियो-

**तपसील**

१. **नदीजन्य पदार्थ गिट्टी/ढुंगा तर्फको ठेक्का परिमाण र संकलित राजश्व विवरण :-**

| सि. नं. | खोला तथा नदीको नाम | सङ्कलित राजश्व | ४० प्रतिशत रकम प्रदेशमा पठाउने | ६० प्रतिशत रकम बाडफाड योग्यलाई १०० रकम मान्दा | नगरपालिका मा ५० प्रतिशत राजश्व रकम | वडामा ५० प्रतिशत राजश्व रकम |
|---|---|---|---|---|---|---|
| १. | लामा खोला, वडा नम्बर २ | ७०,१९,८३०। | २८,०७,९३२। | ४२,११,८९८। | ९३८,५२०.७५ | ९३८,५२०.७५ |
| २. | लामा खोला, वडा नम्बर ४ | | | | ९३८,५२०.७५ | ९३८,५२०.७५ |
| | करम्जे | | | | | |
| | | | | | २,२८,९०७।५ | २,२८,९०७।५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | खोला वडा नम्बर ४ | | | | | |
| जम्मा | | ७०,१९,८३०। | २८,०७,९३२। | ४२,११,८९८। | २१,०५,९४९। | २१,०५,९४९। |
| १. | द्वार खोला, वडा नम्बर ५ | ३८,७०,०००/- | १५,४८,०००/- | २३,२२,०००/- | ३३१,७१४/- | ३३१,७१४/- |
| २. | द्वार खोला, वडा नम्बर ६ | | | | ४९७,५७१/- | ४९७,५७१/- |
| ३. | देवधार खोला, वडा नम्बर १० | | | | ३३१,७१४/- | ३३१,७१४/- |
| जम्मा | | ३८,७०,०००/- | १५,४८,०००/- | २३,२२,०००/- | ११,६०,९९९/- | ११,६०,९९९/- |
| ४. | द्वार खोला वडा नम्बर ७ | ४४,९५,५००/- | १७,९८,२००/- | २६,९७,३००/- | ८९९,१००/- | ८९९,१००/- |
| ५. | द्वार खोला वडा नम्बर ८ | | | | ४४९,५५०/- | ४४९,५५०/- |
| जम्मा | | ४४,९५,५००/- | १७,९८,२००/- | २६,९७,३००/- | १३,४८,६५०/- | १३,४८,६५०/- |
| जम्मा रकम | | १५३,८५,३३०। | ६१,५४,१३२/- | ९२,३१,१९८/- | ४६,१५,५९९/- | ४६,१५,५९९/- |

२. **नदीजन्य पदार्थ वालुवा तर्फको ठेक्का परिमाण र संकलित राजश्व विवरण :-**

| सि. नं. | खोला तथा नदीको नाम | जम्मा संकलित राजश्व ६० प्रतिशत रकम मात्र | ४० प्रतिशत रकम प्रदेशमा पठाउने | ६० प्रतिशत रकम बाँडफाड योग्य | नगरपालिकामा ५० प्रतिशत राजश्व रकम | वडामा ५० प्रतिशत राजश्व रकम |
|---|---|---|---|---|---|---|
| १. | त्रियुगा खोला, वडा नम्बर ५ | १५,८८,१७६। | ६३५,२७०.४०। | ९५२,९०५.६०। | ४७६,४५२.८०। | ४७६,४५२.८०। |
| जम्मा | | १५,८८,१७६। | ६३५,२७०.४०। | ९५२,९०५.६०। | ४७६,४५२.८०। | ४७६,४५२.८०। |
| २. | हडिया/मुसनिया खोला वडा, नम्बर ९ | ४०४,४००। (प्रथम किस्ता मात्र प्राप्त) | १६१,७६०/- | २४२,६४०/- | १२१,३२०। | १२१,३२०। |
| जम्मा | | ४०४,४००।- | १६१,७६०। | २४२,६४०। | १२१,३२०। | १२१,३२०। |
| ३. | सिवाई खोला, वडा नम्बर ५ | १३,४२,०३५। | ५३६,८१४। | ८०५,२२१। | ४०२,६१०.५०। | ४०२,६१०.५०। |
| जम्मा | | १३,४२,०३५। | ५३६,८१४। | ८०५,२२१। | ४०२,६१०.५०। | ४०२,६१०.५०। |
| कुल जम्मा रकम | | ३३,३४,६११। | १३,३३,८४४.४०। | २०,००,७७६.६०। | १०,००,३८३.३०। | १०,००,३८३.३०। |

## ७. विविध

(क) यस नगरपालिकाको वडा नम्बर ३ हात्तीसारमा रहेको बहुद्देश्शीय कृषक समूह धामी टोलमा रहेको १५-१८ घरधुरीका लागि शुद्द पिउने पानीको व्यवस्था गर्नका लागि **मागमा आधारित प्रवर्दनात्मक कार्यक्रम** शीर्षकबाट **रु. १५०,०००/-** उपलब्ध गराउने निर्णय गरियो ।

(ख) श्री थारु संस्कृती संरक्षण सङ्घ नेपाल, ज्यामिरेको च. नं. १७ मिति २०८२ माघ ११ गते प्राप्त भएको पत्रउपर छलफल गर्दा **विभिन्न जातीय चाडबाड, धर्म संस्कृती संरक्षण कार्यक्रम** शीर्षकबाट रु. ५०,०००/- भुक्तानी दिने निर्णय गरियो ।

(ग) श्री हिमादुली साङ्गेछ्योइलिङ गुम्बा, चौदण्डीगढी नगरपालिका वडा नम्बर ७ को मिति २०८२ फागुन ६ गते प्राप्त भएको पत्रउपर छलफल गर्दा **विभिन्न जातीय चाडबाड, धर्म संस्कृती संरक्षण कार्यक्रम** शीर्षकबाट रु. ५०,०००/- भुक्तानी दिने निर्णय गरियो ।

(घ) नगर प्रमुख ज्यूको सचिवालयमार्फत् स्वकीय सचिव निरज घिसिङले यस कार्यालयमा पेश गरेको निवेदन उपर छलफल गर्दा नगर प्रमुखको सचिवालयबाट बिभिन्न समयमा भएको सञ्चार महशुलतर्फ रु. ५५५०/- भुक्तानी दिने निर्णय गरियो ।

(ङ) मिति २०८२ माघ २९ गते यस कार्यालयमा कार्यरत मिलन रिजालले पेश गर्नुभएको निवेदन उपर छलफल गर्दा यस पालिकाको वडा नम्बर १ मा अवस्थित ऐतिहासिक चौदण्डीगढी दरबार क्षेत्रमा उयपुर-चौदडीगढी पदयात्रा, २०८२ मनाउनका लागि भएको खर्च बिबरणअनुसार ६४,०८०/- शोधभर्नाका लागि बिलभरपाइ संलग्न गरी माग गर्को हुँदा **विभिन्न जातीय चाडबाड, धर्म संस्कृती संरक्षण कार्यक्रम** शीर्षकबाट **रु. ६४,०८०/-** शोधभर्ना रकम भुक्तानी दिने निर्णय गरियो ।

(च) यस नगरपालिकाको उन्नाइसौँ नगर सभाबाट **छुट भएका स्थानमा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् तथा निकाशीका लागि प्रारम्भिक बातावरणीय परिक्षण** गर्नका लागि बजेट तथा कार्यक्रम स्वीकृत भएको थियो । बिनियोजित बजेटबाट स्वीकृत कार्यक्रम सञ्चालन गर्नका लागि कार्यालयमा सूचीकृत परामर्शदाता संस्थासँग तोकिएको समयभित्र कार्य सम्पन्न गर्ने गरी कायदिश दिइएको थियो । परामर्शदाता कम्पनीहरुले द्विपक्षीय सम्झौताअनुसारको पेश गरेको मस्यौदा प्रतिवेदनलाई कार्यालयको तर्फबाट दिइएको सुझावहरु समावेश गरी अन्तिम प्रतिवेदन कार्यालयमा पेश गरेको हुँदा सम्झौताअनुसारको रकम भुक्तानी दिने निर्णय गरियो ।

(छ) यस नगरपालिकाको चालू आर्थिक वर्ष २०८२/०८३ का लागि कृषी विकास शाखामार्फत् सञ्चालन हुने गरी स्वीकृत गरिएको **एक वडा एक उत्पादन कार्यक्रम** सञ्चालन गर्नका लागि शाखामार्फत् दुई पटक प्रस्तावना आह्वानका लागि सूचना प्रकाशन गरिएको थियो । दुई पटक सार्वजनिक सूचना प्रकाशन गर्दासमेत १ वटा प्रस्तावमात्र पेश हुन आएको र सो प्रस्तावलाई कार्यान्वयन गर्न कठिनाइ भएको हुँदा सो कार्यक्रम चालू आर्थिक वर्षमा सञ्चालन नगर्ने नगराउने निर्णय गरियो ।

(ज) यस नगरपालिकाको वडा नम्बर ८ को कार्यालयको मिति २०८२ फागुन १ गते, च. नं. २०८२/८३-०८-००५३४ को प्राप्त निवेदन उपर छलफल गर्दा सोही वडाअन्तर्गत रहेको **साजगौरी-कुरकुरे डाँडा हुँदै कदाम्दाङ सिद्दिपुर जाने अपुरो सडक निर्माण** गर्नका लागि करिब २१ घण्टा जति ब्याक-हो-लोडर आवश्यक भएको हुनाले सो कार्यका लागि ब्याक-हो-लोडर उपलब्ध गराइ दिन हुनका लागि अनुरोध छ ।

(झ) यस नगरपालिकाबाट चालू आ. व. २०८२/०८३ को **पौष पहिलो हप्तादेखि फागुनको पहिलो हप्तासम्म** नगरपालिका मातहत रहेका साना तथा ठूला सवारी साधानहरु, सुरक्षा निकायका कार्यालयहरुलाई उपलब्ध गराएको इन्धन र नगरका अतिथीहरुलाई उपलब्ध गराएको इन्धनको बिल तपसील बमोजिम रहेकोले उक्त रकम यस नगरपालिकामा ईन्धन शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो-

तपसील:

- ✓ **कार्यालयका अत्यावश्यक सवारी साधानहरु (दमकल-१, एम्बुलेन्स-१, शब बहान- १, सक्सन-१, ट्याक्टर -१, टिफर- १)मा प्रयोग भएको १७८५ लिटर डिजलको** - रु. २५१,२३८.७५
- ✓ **कार्यालयमा मातहत रहेका ३ थान जिपहरुका लागि ११७२ लिटर डिजलको** - रु. १६४,९४९/-
- ✓ **कार्यालय मातहत रहेका ४८ थान मोटर साइकलका लागि ६७० लिटर पेट्रोलको** - रु. १०४,३५१/-
- ✓ **कार्यालयमा कार्यरत कर्मचारीहरुको निजी मोटर साइकलका लागि २१७० लिटर पेट्रोलको** - रु. ३३७,९७७.५
- ✓ **सुरक्षा निकायलाई उपलब्ध गराइएको डिजल २०० लिटरको जम्मा** रु. ३१,१५०/-
- ✓ **सुरक्षा निकायलाई उपलब्ध गराइएको पेट्रोल १४५ लिटरको जम्मा** रु. २०,४०८.७५/-
- ✓ **नगर प्रमुख ज्यूबाट जारी कुपन अतिथि २७५५ लिटर डिजल** - रु. ३८७,७६६.२५
- ✓ **नगर प्रमुख ज्यूबाट जारी कुपन अतिथि ३८३२ लिटर पेट्रोल** - रु. ५९६,८३४/-
- ✓ **सडक मर्मत सम्भारका लागि प्रयोग भइ रहेको कार्यलय मातहत रहेको ब्याक हो लोडर, ट्रिप्पर र रोलर- ९१८ लिटर डिजलको** - रु. १२९,२०८.५०
- ✓ **खेलकुद विकास कार्यक्रमको समितिको बैठक बसे क्रममा- २०८ लिटर पेट्रोल** - रु. ३९,८१२.५०/-

✓ सडक मर्मत सम्भारका लागि प्रयोग भइ रहेको भाडाको ट्रिपरका लागि १८५० लिटर डिजलको - रु. २६०,३५०.५

✓ ग्रिज र मोविलको – रु. २३,९८२.५०

जम्मा- २३,४८,०७६/- (तेइस लाख अड्चालिस हजार छयहत्तर रुपैंया मात्र)

(ञ) यस नगरपालिकाको पशु सेवा शाखामार्फत् तयार भइ पेश भएको **काउ म्याट वितरण कार्यक्रम सञ्चालन मापदण्ड – २०८२** सर्बसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

(ट) यस नगरपालिकाको विधेयक समितिमार्फत् तयार भइ पेश भएको ***चौदण्डीगढी नगरपालिकाको ट्रिपर सञ्चालन तथा व्यवस्थापनसम्बन्धी कार्यविधि, २०८२*** लाई सर्बसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नम्बर ८ उपर छलफल गर्दा यस नगरपालिकाले आर्थिक वर्ष २०८०/०८१ मा यस नगरपालिकाको वडा नम्बर ५ सुन्दरपुरमा कभर्डहल निर्माण गर्नका लागि **रु. १९,००,०००/-** बजेट बिनियोजन गरेको थियो । पूर्वाधार विकास शाखाबाट **रु. ३७,५०,०००/- (मू.अ. कर र पि.एस्.सहित)**को लागत अनुमान तयार भएको हुँदा मिति २०८० माघ ११ गते स्वीकृत टिप्पणी आदेशअनुसार पूर्वाधार विकास शाखाबाट तयार भएको लागत अनुमानमध्ये हाललाई स्वीकृत बजेट **रु. १९,००,०००/-** बाहेकको थप बजेट आगामी आर्थिक वर्षमा व्यवस्थापन गर्ने गरी खरिद प्रक्रिया अगाडी बढाउने निर्णय भएको थियो । मिति २०८० माघ १४ गते प्रकाशित बोलपत्रको सूचनाअनुसार मिति २०८१ असार १५ गतेसम्ममा निर्माण कार्य सम्पन्न गर्ने गरी मिति २०८१ बैशाख १६ गते सम्झौता गरी कार्यादेश दिइएको थियो । मिति २०८१ असार २४ गते प्रविधिक मूल्याङ्कन र अनुगमन समितिको सिफारिसका आधारमा करबीजक बील समावेश गरेर पहिलो रनिङ बीलको रुपमा **रु. १८,४०,३३३/- (पि.एस्. बाहेक र मू.अ. करसहित)** भुक्तानी दिइएको थियो । मिति २०८२ असार २३ गते निर्माण कम्पनीलाई कार्यसम्पादन जमानत वापतको रकम **रु. १७०,०००/- को ८ जनवरी २०२६ सम्म**का लागि समयावधि थप गर्नका लागि पत्राचार गरिएको थियो । प्राप्तपत्रानुसार निर्माण कम्पनीले ८ जनवरी २०२६ सम्मका लागि समयावधि थप भएको कार्य सम्पादन जमानत पेश गरेको साथै निर्माण कम्पनीले कार्य सम्पन्न भइसकेको हुनाले बाँकी रकम भुक्तानीका लागि मिति २०८२ बैशाख २१ गते कार्यालयमा निवेदन दर्ता गराएको थियो । मिति २०८१ बैशाख २१ गते ५ नम्बर वडा कार्यालयले सम्झौताअनुसारको कार्य सम्पन्न गरिसकेको हुनाले भुक्तानी दिन हुन भनी सिफारिस गरेको, मिति २०८२ जेष्ठ १९ गते नगरपालिकास्तरीय अनुगमन समितिले स्थलगत रुपमा अनुगमन गरी बाँकी रकम भुक्तानीका लागि सिफारिस गरेको र पूर्वाधार विकास शाखाबाट बाँकी कार्य सम्पन्न गरेवापत मूल्याङ्कन प्रतिवेदन पेश गरेको थियो । सम्बन्धित शीर्षकमा बजेट बिनियोजन नभएको हुँदा १९ औं नगरसभाको बैठकबाट **गतसालका योजनाहरुको बक्यौता भुक्तानी** शीर्षकमा रु. १५,००,००/- बजेट बिनियोजन गरिएको थियो । मिति २०८२ मङ्सिर १५ गतेका दिन कोशी प्रदेश सरकारको मुख्यमन्त्री हिक्मत कार्कीको बाहुलीबाट समुद्घाटन गरि कोशी प्रदेशस्तरीय ब्याडमिण्टन प्रतियोगित सञ्चालन गरिएको र मिति २०८२ माघ २३ गते निर्माण कम्पनीलाई १३ अप्रिल २०२७ सम्मका लागि समयावधि थप गर्नका लागि पत्राचार गरिएकोमा निर्माण कम्पनीले १३ अप्रिल २०२७ सम्मका लागि समयावधि थप भएको कार्य सम्पादन जमानत पेश गरेको हुँदा सम्पूर्ण कागजातका आधारमा **गतसालको योजनाहरुको बक्यौता भुक्तानी** शीर्षकमा बिनियोजन गरिएको रकम रु. १५,००,००/- सम्बन्धित निर्माण कम्पनीलाई बाँकी रकम भुक्तानी दिने निर्णय गरियो ।

९. प्रस्ताव नम्बर १० उपर छलफल गर्दा चालू आर्थिक वर्ष २०८२/०८३ मा यस नगरपालिकाको विभिन्न वडाका तपसील वमोजिम बिबरण रहेको व्यक्तिको निजी नाममा दर्ता कायम रहेको जग्गालाई खेतीयोग्य जग्गामा परिणत गर्ने क्रममा निस्कने ग्रावेल, ढुङ्गा, गिट्टी तथा अन्य निर्माण सामग्रीलाई बेचविखन गर्न सकिने कानूनी व्यवस्था कोशी प्रदेश सरकारको आर्थिक ऐन, २०८२को अनूसूची-६ मा रहेको छ । उल्लिखित व्यवस्था वमोजिम तपसील वमोजिमको व्यक्तिहरुले स्थानीय सरकार संचालन ऐनको दफा ६२, वातावरण संरक्षण नियमावली २०७७ को दफा ७ को उपदफा ५ र यस नगरपालिकाको कार्यविधि, २०७७ बमोजिमको खण्ड (क)अन्तर्गत पर्ने अनुसूची -१० वमोजिम तयार भइ पेश हुन आएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिबेदन (Initial Environmental Examination) (IEE) लाई स्वीकृत गर्ने निर्णय गरियो-

**प्रस्तावकको नाम : काव्या एण्ड माया कन्स्ट्रक्सन एण्ड सप्लायर्स, रुपनी-२, सप्तरी**

| क्र. सं. | वडा नम्बर | जग्गाधनीको नाम | कित्ता नम्बर | B.E.S/IEE गरिने जमिनको क्षेत्रफल | ज.रो/ ज.बि | उत्खनन् गरिने जमिनको क्षेत्रफल – कुल जमिनको ८०% (मि²) | औसत गहिराई (मि) | मौजुदा परिमाण/ वर्ष (घ.मि.) | उत्खनन हुने निर्माण सामाग्री | उत्खनन/सङ्कलन आयतन – कुल आयतनको ७०% (घ. मि.) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | ४ | पिचुमाया राई | २/ख ४९ | ०-५०५८-०-० | ज.बि. | १६९३.१५ | २.०० | ५४८०.९५ | ग्राभेल | २७४०.४८ |

प्रस्तावित क्षेत्रमा विस्तृत अध्ययन गर्दा उल्लेखित स्थानहरुबाट उत्खनन् गर्न सकिने वार्षिक परिमाण बमोजिम दैनिक उत्खनन् गर्न सकिने परिमाण रहेको छ । उत्खननका लागि राजश्व शाखामा नियमानुसार राजश्व दाखिला गरेपश्चात् उत्खनन् अनुमति प्रदान गर्ने निर्णय गरियो ।